जहां छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्ना छन् भक्तवत्सल महेश्वर । म जन्मिए झुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०५०/५१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २४ • २०८२ कार्तिक ३० गते आईतवार • 16 Nov. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
9854025530 / 9824885783

# यादवको नियुक्ति विवादले अहिले मधेसमा तनाव सिर्जना, मधेस प्रदेशमा अहिले एमाले विरोधी नारा लाग्दै

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ कार्तिक**





कात्तिक २३ मा नेकपा एमाले मधेस प्रदेश संसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्रीमा नियुक्त भए। भोलिपल्ट बिहान हतार-हतार होटलमै तत्कालीन प्रदेश प्रमुख सुमित्रा भण्डारीले मुख्यमन्त्री यादवलाई सपथ गराइन् । यादवको नियुक्ति विवादले अहिले मधेसमा तनाव सिर्जना भएको छ।

मधेस प्रदेशमा अहिले एमाले विरोधी नारा लागिरहेको छ। मुख्यमन्त्री नियुक्ति विवादित बनेपछि सरकारले तत्कालीन प्रदेश प्रमुख भण्डारीलाई हटायो । अहिले डा. सुरेन्द्रलाल लाभ प्रदेश प्रमुख नियुक्त भइसकेका छन् । यति मात्र होइन, सभामुख रामचन्द्र मण्डलविरुद्ध सबै विपक्षी दलहरुले अविश्वास प्रस्ताव दर्ता गराएका छन्। सभामुख मण्डल पनि एमालेका नेता हुन्। मुख्यमन्त्रीमा यादवको नियुक्तिविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले दीर्घकालीन असर पर्ने कामकाज नगर्न आदेश जारी गरेको छ। मुख्यमन्त्री विवादले मधेसमा एमालेको आलोचना तीव्र रुपमा भइरहेको छ। निवर्तमान मुख्यमन्त्री जितेन्द्र सोनलले मधेसमा अहिले भइरहेका सबै घटना एमालेकै कारण भएको बताए । लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा)का उपाध्यक्ष समेत रहेका उनले मधेस प्रदेशमा मात्रै होइन, देशलाई नै संकटको अवस्थामा पुर्‍याउने काम एमालेले गरिरहेको आरोप लगाए। 'जबसम्म यो देशमा एमाले रहन्छ, तबसम्म देश शान्त नहुने रहेछ,' सोनलले भने, 'मधेस प्रदेशमा भाँडभैलो मचाएर संघीयता नै समाप्त पार्ने षड्यन्त्रमा एमाले लागेको छ ।' सभामुख रामचन्द्र मण्डलले प्रदेशसभामा अहिले भएका कामकारवाही कानुन अनुसार नै भएको दाबी गरे । सभामुख मण्डलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता भएपछि उनले पाँचजना सांसदलाई बर्खास्त गरेका छन् । 'भाँडभैलो सात दलले गरिरहेका छन्।

प्रदेशसभाले आफ्नो काम कसरी गरिरहेको छ, त्यसलाई व्याख्या गर्ने काम सर्वोच्च अदालतले गरिरहेको छ,' उनले आरोप लगाए, 'सात दलले अदालतको निर्णयलाई कुर्नुपर्ने थियो, मधेसमा भाँडभैलो मचाइरहेका छन् ।' एमाले हुँदासम्म कसैले पनि संघीयता समाप्त पार्न नसक्ने उनले जिकिर गरे। मधेसमा किन बलियो छ एमाले ? मधेस आन्दोलन सुरु भएदेखि नै एमाले र मधेसको सम्बन्ध खासै सुमधुर देखिँदैन । तर जति 'टसल' चुनावमा एमालेको सम्मानजनक उपस्थिति देखिन्छ । अहिले पनि मधेस प्रदेशसभामा एमाले सबैभन्दा ठुलो पार्टी हो ।

२०७४ सालको चुनावमा पनि मधेसमा एमालेले राम्रै नतिजा ल्याएको थियो। मधेसमा आलोचनाका बाबजुद पनि एमाले बलियो हुनुको कारण हो संगठन । देशका अन्य क्षेत्रमा जस्तै मधेसमा पनि वडा तहदेखि माथिसम्म एमालेको संगठन राम्रो छ। बलियो संगठनले चुनावमा एमालेलाई खस्किन नदिएको राजनीतिक विश्लेषकहरु बताउँछन् । तर जसपा नेपालका प्रवक्ता मनिष सुमन पछिल्लो चुनावमा आफ्नो पार्टीसँग गठबन्धन गरेका कारण मात्रै एमाले मधेसमा बलियो भएको दाबी गर्छन्। 'जसपा नेपालसँग गठबन्धन गरेकाले मधेसमा एमाले बलियो भएको हो, नत्र यसअघि उसको उपस्थिति सन्तोषजनक थिएन,' सुमन भन्छन्।

# वडाध्यक्षमाथि गोली हान्ने प्रहरी नै रहेको खुलासा

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ कार्तिक**



धनुषाको मिथिला बिहारी नगर पालिका-९ का वडाअध्यक्षमाथि प्रहरीले नै गोली प्रहार गरी हत्या गरेको खुलेको छ ।

मिथिला बिहारी नगरपालिका-९ स्थित अन्दुपट्टीमा स्थानीय प्रकाश यादवको पिताको १३औं दिनको मृत्यु संस्कारमा सहभागी हुन गएका वडाअध्यक्षमाथि शुक्रबार साँझ गोली प्रहार भएको थियो। दुईपक्षबीच विवाद हुँदा वडाध्यक्ष विन्देश्वर यादवमाथि प्रहरीले नै गोली चलाएको खुलेको हो ।

गोली प्रहारबाट गम्भीर घाइते भएका यादवलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पुर्‍याएलगत्तै मृत्यु भएको थियो। ९औं दिनको तिथिमा सहभागी हुन गएका वडाअध्यक्ष यादवमाथि स्थानीय धर्मराज यादवले गालीगलौज गरेपछि विवाद सिर्जना भएको थियो । विवाद उग्र हुँदै जाँदा धर्मराज यादवका आफन्त पर्ने शम्भु यादवले वडाअध्यक्ष विन्देश्वर यादवमाथि गोली प्रहार गरेका थिए । गोली प्रहार गर्ने शम्भु यादव प्रहरीमै कार्यरत जवान रहेको खुलेको छ । उनी गोली प्रहार गरेर घटनास्थलबाट फरार भएका छन् । सप्तरीको एक प्रहरी चौकीमा दरबन्दी रहेका उनी बिदामा घर आएका थिए। बिदामा घर आउँदा उनले प्रहरीकै हतियार बोकेर आएको हुनसक्ने आशंका गरिएको छ । धनुषाका प्रहरी प्रवक्ता डिएसपी गणेश बमका अनुसार घटनामा संलग्न रहेको प्रत्यक्षदर्शीको भनाइ अनुसार प्रहरीले एकजनालाई नियन्त्रणमा लिएको छ ।

घटनामा ३/४ जनाको संलग्नता भएको स्थानीयले बताएका छन्, त्यसै आधारमा हामीले एकजनालाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएका छौं,' उनले भने । अ.ला.ख.

# मधेस केन्द्रित दलहरू प्रदेशलाई मुठभेडको अवस्थामा लैजान खोजेको मुख्यमन्त्रीको आरोप

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ कार्तिक**



मधेस प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले मधेस केन्द्रित दलहरू प्रदेशलाई मुठभेडको अवस्थामा लैजान खोजेको आरोप लगाएका छन्।

प्रदेशवासीको नाममा आज सम्बोधन गर्दै मुख्यमन्त्री यादवले मधेस केन्द्रित दलहरूलाई वार्ता र संवादको मार्फत अहिले देखिएको समस्याको निकास खोज्न आग्रह गरेका छन् । उनले अहिले पनि वार्ता नै संवाद नै एकमात्र विकल्प रहेको बताएका छन्। उनले मुख्यमन्त्री र संवैधानिक निकायसहितका प्रमुखहरूलाई आन्दोलनकारीहरूबाट सुरक्षा थ्रेट रहेको समेत बताएका छन्। मधेस केन्द्रित दलहरूसँग कुनै किसिमको एजेन्डा नरहेको कारणले उनीहरू जनतालाई भड्काएर प्रदेशलाई मुठभेडको अवस्थामा लैजान खोजेको आरोप लगाए। मुख्यमन्त्री यादवले जेन्जी आन्दोलनपछि वैदेशिक हस्तक्षेप बढेको र प्रदेशमा समेत यस खालको गतिविधि देखेको आरोप लगाए । मुख्यमन्त्री यादवले सर्वोच्च अदालतमा मुद्दा रहेको र निकास पनि त्यहाँबाटै मात्र हुने बताउँदै अहिले गरिएको आन्दोलनको कुनै औचित्य समेत नरहेको बताए । उनले भने म नेपाली सेना सशस्त्र प्रहरी र नेपाल प्रहरीको सुरक्षा घेरामा बसेको छु।

मलाई यति थ्रेट छ भने प्रदेश सभा सांसदहरुलाई कति थ्रेट होला । मुख्यमन्त्री यादवले अहिले पनि दलहरू लोकतान्त्रिक र विधि प्रक्रियामा विश्वास गर्न आग्रह गरे। मुख्यमन्त्री यादवले सर्वोच्च अदालतमा मुद्दा पनि हाल्ने सडकमा आन्दोलन पनि गर्ने यो अराजकता बाहेक अरु केही होइन। उनले लोसपा नेतृत्वको सरकार आफ्नै सहयात्रीको कारणले ढलेको बताउँदै यसको दोष आफूलाई दिन खोजिएको भन्दै आफू नचाहँदा नचाहँदै पनि मुख्यमन्त्री बनेको दाबी गरेको छ।

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627
Class- PG to Class-X
Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.


Mr. Hridev Ray

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# आधिकारिक जेन-जी स्पष्ट हुन जरुरी

चरम अराजकता, कुशासन, भ्रष्टाचार र दण्डहीनताको विस्फोट जेन-जी आन्दोलनको रूपमा गत भदौ २३ गते भएको थियो । त्यही बहानामा भदौ २४ गतेको आपराधिक गतिविधि र विध्वंसात्मक कार्यले नेपाललाई अस्थिरता तर्फ धकेलिदिएका थिए । जेन-जी विद्रोह भयो, स्वदेशी र विदेशी घुसपेठियाहरूले आफ्नो स्वार्थअनुरूप नेपालका महत्त्वपूर्ण दस्ताबेजयुक्त संरचनाहरू, ऐतिहासिक धरोहर नष्ट गरेको थियो । जसकारण नेपाली कांग्रेस र एमालेको संयुक्त सरकार अपदस्थ भयो । सरकारलाई जेन-जीको मांग सम्बोधन गर्न गठन गरिएको भनिए पनि कुन जेन-जी समूह आधिकारिक हुन स्पष्ट हुन नसकेको देखिन्छ ।

हुन त जेन-जी भनेको सन् १९९७ देखि २०१२ सम्म जन्मिएका युवायुवतीको समूह र हेको देखिन्छ । त्यहाँ राजनीतिक पार्टीसँग आबद्ध या स्वतन्त्र समूह जो कोही पनि जेन-जी हुन सक्छ । त्यति हुँदाहुँदै पनि जुन समूहले आन्दोलनमा नेतृत्व गरेका थिए, तीमध्येबाट सरकार बनाएको भए सायद यो जेन-जीको सरकार भनेर मान्न सकिने अवस्था हुने थिए । अन्यथा जेन-जी आन्दोलनको मान्यता स्थापित नहुने स्पष्ट रहेको देखिन्छ । अन्तमा जेन-जी समूह आधिकारिक कुन हुन भने स्पष्ट हुन आवश्यक रहेको देखिन्छ ।

# लामो समयदेखि प्रअ अनुपस्थित हुँदा विद्यालयको पठनपाठन तथा प्रशासनिक काम प्रभावित

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २९ कार्तिक**

सप्तरीको विष्णुपुर गाउँपालिका-१ स्थित जनता माध्यमिक विद्यालय, खुरहुरियाका निमित्त प्रधानाध्यापक अशोककुमार यादव लामो समयदेखि अनुपस्थित भएपछि विद्यालयको पठनपाठन तथा प्रशासनिक काम प्रभावित भएको छ ।

उहाँ चार महिनादेखि विद्यालयमा अनुपस्थित भएपछि विद्यालयको पठनपाठनदेखि अन्य दैनिक कामकाज र व्यवस्थापनमा समेत असर परेको हो । विद्यालयको शिक्षक तथा लेखा अनुगमन समितिले विद्यालयमा पत्रकार सम्मेलन आयोजना गर्दै प्रधानाध्यापक यादवले विभिन्न शीर्षकको बजेट अनियमित तरिकाबाट खर्च गरेको पाइएको आरोप लगाएको हो । खर्चको बिल




भरपाई माग गर्दा उहाँ असार २० देखि नै विद्यालयमा अनुपस्थित रहनुभएको लेखा अनुगमन समितिका सदस्य कैलाश यादवले जानकारी दिनुभयो । सामाजिक लेखा परीक्षणका लागि वडा नम्बर १ का अध्यक्ष बलराम यादवको संयोजकत्वमा गठित लेखा अनुगमन समितिले अनुगमन गर्दा आर्थिक वर्ष २०७९/८० मा तीन लाख ७९ हजार ८९० तथा आव २०८१/८२ मा पाँच लाख १३ हजार र अन्य बेरीतको खर्च गरी कुल १९ लाख २९ हजार ९३८ रुपियाँ अनियमित ढङ्गले खर्च गरेको पाइएको सदस्य यादवको भनाइ छ ।

लेखा अनुगमन समितिले कारबाही प्रक्रिया अगाडि बढाएपछि नै निमित्त प्रधानाध्यापक अशोककुमार यादव विद्यालयमा अनुपस्थित रहनुभएको सहायक प्रधानाध्यापक महेशकुमार यादवले जानकारी दिनुभयो । विद्यालयमा महिनौँसम्म प्रधानाध्यापक यादव हाजिर नभएको तथा त्यसको असर पठनपाठन तथा विद्यालय प्रशासनलाई पर्न गएकोबारे माथिल्लो निकायमा जानकारी गराउँदासमेत कुनै चासो नदेखाइएको विद्यालयका अधिकांश शिक्षक र अभिभावकले पत्रकार सम्मेलनमा गुनासो गरेका थिए । जिल्ला प्रशासन कार्यालय सप्तरीले २०८२ असोज २४ गते विष्णुपुर गाउँपालिकालाई पत्राचार गरी प्रधानाध्यापक व्यवस्थापन गर्न भने पनि हालसम्म गाउँपालिकाले कुनै जानकारी नगराएको पत्रकार सम्मेलनमा शिक्षकहरूले बताए । विद्यालयको शैक्षिक अवस्था सुधारसहित विभिन्न माग राखेर गठित विद्यालय सङ्घर्ष समितिका संयोजक प्रेमनारायण यादवले गाउँपालिका र वडा कार्यालयको गैरजिम्मेवारीपनले विद्यलयमा समस्या आएको बताउनुभयो ।





अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश


# मुख्यमन्त्री र प्रदेश प्रमुखको शिष्टाचार भेटवार्ता



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ कार्तिक**

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव र नवनियुक्त प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णबीच शिष्टाचार भेटवार्ता भएको छ ।

मुख्यमन्त्री यादव प्रदेश प्रमुखको कार्यालयमा पुगेर कर्णलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिएका हुन् । भेटवार्ताका क्रममा मुख्यमन्त्री यादवले प्रदेशको समसामयिक राजनीतिक घटनाक्रम, पछिल्लो राजनीतिक चलपहेल तथा सरकार सञ्चालन सम्बन्धी विभिन्न विषयमा प्रदेश प्रमुखलाई जानकारी गराएको मुख्यमन्त्री निकट स्रोतले जनाएको छ ।

नवनियुक्त प्रदेश प्रमुख कर्णले प्रदेशको सुशासन, विकास-समृद्धि तथा कुशल प्रशासनिक सञ्चालनका लागि सबै पक्षसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेको बताइएको छ ।

## तपाईको टुडे

मेष: शुभ कार्यको शुरुवात
वृष: विचार गरेर बोल्नुहोला
मिथून: पिछ्डेको साथी मिल्ने
कर्कट: अशुभ समाचार प्राप्त हुने
सिंह: खानपानमा समस्या आउने
कन्या: अनावश्यक चिन्ता
तुला: आम्दानी हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: लामो यात्राको योग छ
मकर: अनावश्यक खर्चको संभावना
कूम्भ: मनमा पछुतो आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |
| **आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं** | **१९७** |

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# बिहारमा भाजपाको ऐतिहासिक जित, बन्यो पहिलो पार्टी, कसलाई कति सिट ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ कार्तिक**




भारतको बिहार राज्यमा भएको विधानसभा निर्वाचनमा भारतीय जनता पार्टी भाजपाले ऐतिहासिक जित हासिल गरेको छ। भाजपा पहिलो पटक पहिलो पार्टी बन्न सफल भएको छ।

भाजपा सम्मिलित एनडीए गठबन्धनले अहिलेसम्मकै ठूलो सफलता हासिल गरेको छ। २४३ सिटमध्ये एनडीएले २०२ सिट जितेको छ। यसअघिको चुनावमा गठबन्धनले १२५ सिट जितेकामा यसपालि निकै सुधार गरेको हो। ७७ सिट बढी जितेको एनडीएले ५५.६ प्रतिशत मत पाएको छ। एनडीएभित्र भाजपालेमात्रै ८९ सिट जितेको छ। यसअघिको चुनावमा ७४ सिट जितेको भाजपाले यसपालि थप १५ सिट जितेको हो । भाजपाले २० प्रतिशत सिट जितेको छ । दोस्रो स्थानमा गठबन्धनकै जेडीयू आएको छ। जेडीयूले ८५ सिट जितेको छ। जेडीयूले पनि कायापलट गरेको छ । यसअघि ४३ सिट जितेको जेडीयूलाई यसपालि ४२ सिट फाइदा भएको छ । यसअघि एक सिट जितेर गठबन्धनमा चित्त बुझाएको लोजपाले यसपालि १९ सिट जितेको छ। एनडीए-अन्यको भागमा ८ सिट गएको छ।

# चलचित्र 'धागो' नेपाल र भारतमा एकसाथ रिलिज

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ कार्तिक**




भारतको डुवर्स क्षेत्रमा छायाङ्कन गरिएको नेपाली चलचित्र 'धागो' शुक्रबारदेखि नेपाल र भारतका फिल्म घरहरूमा एकसाथ रिलिज भएको छ। उदिप राणा थापाको निर्देशनमा बनेको यो चलचित्रले नेपाल-भारत सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नेपाली परिवारहरूको भावनात्मक जीवन, आर्थिक चुनौती र सामाजिक यथार्थलाई कथाको केन्द्रमा राखेर प्रस्तुत गरेको छ । चलचित्रमा परिवारभित्रको सम्बन्ध, आर्थिक अभावका कारण उत्पन्न हुने दैनिक समस्या, सामाजिक दबाब र विषम परिस्थितिकाबिच पनि अभिभावकले सन्तानका सपनाका लागि गर्ने निरन्तर प्रयासलाई मार्मिक रूपमा चित्रण गर्छ। सङ्घर्ष, बिछोड र परिवारमा देखा पर्ने मनोवैज्ञानिक उतार-चढावकाबिच केही हल्का हास्य तत्त्व पनि समावेश गरिएकोले कथा गम्भीर भए पनि दर्शकलाई जोडेर राख्छ। 'धागो' भारतका पहाडी क्षेत्र, सिलीगुडी, दार्जिलिङ, गान्तोक, कालिम्पोङ, कुरसाङ, डुवर्स जस्ता नेपाली भाषी दर्शक धेरै बसोबास गर्ने क्षेत्रहरूमा रिलिज भएको छ। भारतका यी क्षेत्रहरूमा नेपाली चलचित्रको दर्शक वर्ग बलियो रहेकोले 'धागो' ले उल्लेख्य ओपेनिङ पाउने अपेक्षा गरिएको छ । यस्तै, नेपालमा क्युएफएक्स सिनेमा, वन सिनेमा, आईएनआई सिनेमा लगायत देशभरका हलमा रिलिज भएको छ।

# यस्तो छ शनिबारका लागि विदेशी मुद्राको विनिमय दर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ कार्तिक**




नेपाल राष्ट्र बैङ्कले आज ( शनिबार)का लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैङ्कअनुसार अमेरिकी डलर एकको खरिददर १४१ रुपैयाँ ७० पैसा र बिक्रीदर १४२ रुपैयाँ ३० पैसा निर्धारण गरिएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १६४ रुपैयाँ ५३ पैसा र बिक्रीदर १६५ रुपैयाँ २२ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १८६ रुपैयाँ १३ पैसा र बिक्रीदर १८६ रुपैयाँ ९२ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७८ रुपैयाँ ९१ पैसा र बिक्रीदर १७९ रुपैयाँ ६७ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ९२ रुपैयाँ २३ पैसा र बिक्रीदर ९२ रुपैयाँ ६२ पैसा, क्यानेडियन डलर एकको खरिददर १०० रुपैयाँ ९४ पैसा र बिक्रीदर १०१ रुपैयाँ ३७ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०८ रुपैयाँ ७९ पैसा र बिक्रीदर १०९ रुपैयाँ २५ पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ १६ पैसा र बिक्रीदर नौ रुपैयाँ २० पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ९६ पैसा र बिक्रीदर २० रुपैयाँ ०४ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ७९ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९५ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ८८ पैसा र बिक्रीदर ३९ रुपैयाँ ०४ पैसा कायम भएको छ । केन्द्रीय बैङ्कअनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ३७ पैसा र बिक्रीदर चार रुपैयाँ ३८ पैसा, युएई दिराम एकको खरिददर ३८ रुपैयाँ ५८ पैसा र बिक्रीदर ३८ रुपैयाँ ७४ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३४ रुपैयाँ २९ पैसा र बिक्रीदर ३४ रुपैयाँ ४३ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ७१ पैसा र बिक्रीदर नौ रुपैयाँ ७५ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ ९६ पैसा र बिक्रीदर १५ रुपैयाँ ०३ पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रुपैयाँ ०३ पैसा र बिक्रीदर २२ रुपैयाँ १२ पैसा तोकिएको छ।

# सुदूरपश्चिमको उपाधि धोको

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ कार्तिक**





गत वर्ष जनकपुर बोल्ट्सले उपाधि जितेपछिको परेडमा मधेश प्रदेशमा ठूलै भीडभाड देखिएको थियो। विशेष गरी जनकपुरमा विजेता टोलीको सम्मानका लागि परेडको लामो लाइन थियो । भिडियो र तस्बिरमा त्यो देखेपछि अनौपचारिक भेटमा दीपेन्द्रसिंह ऐरी भन्दै थिए, 'सुदूरपश्चिमले जितेको भए योभन्दा पनि ठूलो भीड जम्मा हुन सक्थ्यो ।'

उनको भनाइमा दुईटा कुरा स्पष्ट देखिन्थ्यो। सुदूरपश्चिमका यी कप्तानको भनाइमा उपाधिको ठूलो भोक थियो । अर्को जनकपुरसँग फाइनलमा भोगेको ५ विकेटको हारको पीडा उनभित्र स्पष्ट झल्कन्थ्यो । सुदूरपश्चिमले फाइनलमा उत्कृष्ट ब्याटिङ गरेको थियो । तर केवल लाहिरू मिलान्थालाई पन्छाउन नसक्दा टोली पहिलो सिजनको च्याम्पियनबाट रोकिएको थियो । ट्वान्टी-२० मा विश्वका शीर्षस्थ अलराउन्डर दीपेन्द्र एनपीएल पहिलो सिजनमा नेपाली खेलाडीतर्फ प्लेयर अफ द सिरिजमा चुनिएका थिए ।

नेतृत्वसहित ट्वान्टी-२० लाई चाहिने सबै पक्ष भएका दीपेन्द्रको च्याम्पियन बन्ने सपना पूरा गर्न अनुभवी खेलाडी विनोद भण्डारी, अविनाश बोहरा, आरिफ शेख, इशान पाण्डेको दरिलो साथ आवश्यक छ। युवा खेलाडीहरू नरेन साउद, दीपक बोहरासहितको टोली पनि त्यसका लागि तयार हुनुपर्छ । सैफ जैबले छाडेपछि दबाब सुदूरपश्चिमलाई झनै बढेको छ । जैबको स्थानमा टोलीले अस्ट्रेलियाका भेट्रान क्रिस लिनलाई लिएको छ । न्युजिल्यान्डका तीव्र गतिका बलर स्कट कुग्लेइन र स्पिन अलराउन्डर हरमित सिंह गत वर्ष पनि सुदूरपश्चिममै थिए ।

स्पिनका लागि स्वर्ग मानिएको त्रिविको विकेटमा कुग्लेइनले गत वर्ष १७ विकेट लिँदै तहल्का मच्चाएका थिए ।



अनुरोधकर्ता
बलवा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
महोत्तरी गाउँपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

# गोलचक्करमा कम्युनिस्ट पार्टी

-विश्वकर्मा लेखक एवं अनुसन्धाता हुन्। उनले नेपाली मिडिया, सामाजिक समावेशीकरण, जात व्यवस्था, लैंगिक समानता र उत्पीडित तथा सीमान्तीकृत समुदायका सामाजिक-राजनीति सवालमा लेखन र अनुसन्धान गरेका छन् । कम्युनिस्ट घोषणापत्रको आदर्शमा स्थापित नेपाली कम्युनिस्ट पार्टीहरूले ऐतिहासिक संघर्ष र जनताको बलिदानीका बाबजुद जनअपेक्षा र वर्गीय मुक्तिको एजेन्डा सम्बोधन गर्न सकेका छैनन् ।

सत्ता-स्वार्थ, संकीर्णता र अवसरवादमा फसेका यी पार्टीहरू बारम्बार टुटफुट, विघटन र असफलतामा अल्झिरहेका छन्। जनताको जीवनसँग प्रत्यक्ष जोडिएका शिक्षा, स्वास्थ्य, भूमिसुधार र सामाजिक न्यायका सवालमा स्पष्ट दृष्टिकोण, नीति र कार्यक्रम नहुँदा कम्युनिस्ट पार्टीहरू नामका मात्रै क्रान्तिकारी बनेका छन् । सन् १९४८ मा कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सको पहलमा तयार पारिएको 'कम्युनिस्ट घोषणापत्र' संसारकै क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको आधारभूत दस्तावेज हो । यसले विश्वका श्रमिक जनतालाई एक हुन आह्वान गर्दै पुँजीवादी शोषण, उत्पीडिन र दमनविरुद्ध क्रान्तिका लागि अपिल गर्‍यो । घोषणापत्रले पुँजीवादी व्यवस्थाले गरिब, श्रमजीवी र सर्वहारा वर्गमाथि गरेको चरम शोषण र दमनको अन्त्य गरी समाजवादी व्यवस्था स्थापना गर्न वर्ग-संघर्ष अनिवार्य भएको किटान गर्‍यो अर्थात् वर्ग-संघर्ष कम्युनिस्ट पार्टीको आधारभूत र अनिवार्य सिद्धान्त हो । पुष्पलाल श्रेष्ठद्वारा वि.सं. २००६ मा लिखित 'नेपाल कम्युनिस्ट पार्टी' को पहिलो घोषणापत्रले पनि निरङ्कुश सामन्तवादी अत्याचारको अन्त्य गर्दै मजदुर, किसानमाथि हुँदै आएको चरम शोषणको अन्त्य, जातजातिका आधारमा हुने भेदभावको अन्त्य, नागरिकका लागि पूर्ण प्रजातान्त्रिक अधिकारको सुनिश्चिततालाई कम्युनिस्ट पार्टीले अनिवार्य अवलम्बन गर्नुपर्ने विचारका रूपमा प्रस्तुत गरेका थिए । यी घोषणापत्रअनुसार कम्युनिस्ट पार्टी श्रमजीवी, उत्पीडित-शोषित जनताका पक्षमा दृढतापूर्वक संघर्ष गर्ने र वर्गीय शोषण-उत्पीडनको अन्त्य गर्ने राजनीतिक विचार र शक्ति हुन् । सिद्धान्ततः कम्युनिस्ट समाजका सबै सामाजिक-राजनीतिक अन्तरविरोधलाई हल गर्ने, वर्गीय, जातजाति, भाषा, धर्म, लिङ्ग, संस्कृति आदिका आधारमा हुने सबै असमानता र विभेदको अन्त्य गरी समतामूलक समाज निर्माण गर्ने शक्ति हुन् । यही विश्वाससहित कम्युनिस्ट पार्टीलाई नेपाली जनताले साथ दिँदै आए । वि.सं. २००७ को राणाविरोधी क्रान्ति होस् वा निरङ्कुश पञ्चायती व्यवस्थाविरोधी आन्दोलन वा तत्कालीन नेकपा (माओवादी) को नेतृत्वमा भएको 'जनयुद्ध' ।

आन्दोलन, क्रान्ति र संघर्षमा मात्रै होइन, चुनावी राजनीतिमा पनि नेपाली जनताले कम्युनिस्ट पार्टीलाई साथ दिँदै आएका हुन् । तर, अधिकांश कम्युनिस्ट पार्टीहरू न त कम्युनिस्ट आदर्श र विचारअनुरूप सञ्चालित हुन सके न तिनले जनताका आशा र अपेक्षालाई नै सम्बोधन गर्ने चेष्टा गरे । अन्नतः कम्युनिस्टहरू संकीर्णता, सत्ता-स्वार्थ र अवसरवादी दुष्चक्रमा फस्दै सयौं पटक टुटफुटको सिकार भएका छन् । जेन-जी विद्रोहले



ल्याएको हलचलपछि पनि नेपालका कम्युनिस्ट पार्टीहरूमा तीव्र विघटन, फुट र एकताको शृङ्खला चलिरहेको छ । संघर्षपूर्ण विरासत : विचलित वर्तमान- कम्युनिस्ट घोषणापत्र तयार भएको करिब सय वर्षपछि नेपालमा कम्युनिस्ट पार्टीको स्थापना भयो । सन् १८७१ मा मजदुर वर्गको संघर्षपछि पेरिस कम्युनको स्थापना भयो । राज्यसत्तामा मजदुर वर्गको प्रतिनिधित्व हुने समाजवादी अभ्यास ७१ दिनभन्दा लामो समय नटिके पनि पेरिस कम्युन संसारका मजदुर र श्रमजीवी वर्गका लागि उत्प्रेरणा बन्न पुग्यो । सन् १९१७ मा सम्पन्न अक्टोबर क्रान्तिले 'समाजवादी राज्यसत्ता स्थापना सम्भव छ' भन्ने सन्देश संसारैभरि दियो ।

सन् १९४९ मा चिनियाँ नयाँ जनवादी क्रान्ति सम्पन्न भयो । सोही वर्ष नेपाल कम्युनिस्ट पार्टीको पनि स्थापना भएको हो, जसले सामन्ती एकतन्त्रवाद, निरंकुश व्यवस्था अन्त्य गरी श्रमजीवी वर्गको पक्षमा सम्झौताहीन संघर्ष गर्ने प्रतिबद्धता जाहेर गरेको थियो । कम्युनिस्ट पार्टीकै नेतृत्वमा वि.सं. २००८ देखि बारा, पर्सा, रौतहटमा तमसुक फुक्का आन्दोलन भयो । सुदूरपश्चिममा किसान विद्रोह भयो भने २०२८ को झापा विद्रोहका क्रममा सामन्त र शोषक वर्गको सफाया अभियान नै चल्यो । २०५२ मा माओवादीले सुरु गरेको 'जनयुद्ध' मा 'मुक्ति या मृत्यु' को कसम खाएर हजारौं जनताले क्रान्तिलाई साथ दिए । विशेषगरी श्रमिक, किसान, उत्पीडित समुदाय (जस्तै : महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू र सीमान्तीकृत) कै रगत र योगदानबाट माओवादी नेतृत्वको 'जनयुद्ध' सम्भव भयो ।

यसैको परिणाम नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरित हुन सक्यो । झापा विद्रोहको विरासतमा बनेका कम्युनिस्ट पार्टी निर्माणमा पनि हजारौं श्रमजीवी वर्ग र उत्पीडित समुदायको योगदान छ । तर, यसरी गठन भएका कम्युनिस्ट पार्टीहरूले जनताका ती योगदान र बलिदानीको विरासतलाई सम्मान गर्न सकेका छैनन् । सत्ता-स्वार्थको राजनीतिक गोलचक्करमा फसेका अधिकांश कम्युनिस्ट पार्टी र नेतृत्वले ती जनतामाथि धोकाधडीको राजनीतिलाई निरन्तरता दिइरहेकै छन् । देश जटिल राजनीतिक संक्रमणबाट गुज्रिरहेको छ ।

साभार : कान्तिपुर ।

## प्रमाणपत्रहरू हरायो

गैढाबाट मलंगवा जाने क्रममा खैरबनी र संग्रामपुरको वीचमा पर्ने सोनमा गाउँपालिका वडा नं.– ५ को सडक खण्डमा प्लस टु लेभेलको तपसिलका नाम र रजिष्ट्रेशन नम्बर भएको व्यक्तिको माइग्रेसन,ट्रान्सक्रिप्ट तथा प्रोभिजनल प्रमाणपत्रहरु हराएको हुँदा तलको मोबाइल नम्बरमा सम्पर्क गरी वा नजिकको प्रहरी चौकीमा बुझाई दिनु हुनको लागि अनुरोध छ ।

**तपसिल :**

**नाम** : नितु कुमारी मिश्र
**रजिष्ट्रेशन नम्बर** : ६९१७२६०२७
**सम्पर्क मोबाइल** : ९८१५८३२३८२



अनुरोधकर्ता
जलेश्वर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday